Martus

मानव अधिकार
बुलेटिन प्रणाली

**समस्या**

सूचनाले मानव अधिकारको क्षेत्रलाई दोहोर्याउँछ । यो मानव अधिकारवादी गैह्र सरकारी संस्थाहरुको एउटा धेरै नै महत्वपुर्ण सम्पत्ति हो र यसले मानव अधिकार उलङ्घनको वृद्धिमा लड्नलाई शक्तिशाली औजारको रूपमा सेवा प्रदान गर्दछ । गैह्र सरकारी संस्थाहरुले उलङ्घनको बारेमा पिडितहरुको अवस्थामा ध्यान केन्द्रित गराउन र अपराधीहरुलाई कारवाही गरी न्याय दिलाउन सूचना संकलन गर्दछन् । एकचोटी संकलित जानकारी अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुले संचार माध्यमहरुको ध्यानाकर्षण गर्न, चेतना जगाउन र राजनैतिक दवाव सृजना गर्न र सच्चा आयोगहरु र न्याय सभाहरुको रुपमा न्याय दिलाउन मद्दत गर्नलाई प्रयोग गर्दछ । यस्ता सूचनाहरुको संकलन र प्रयोग विना मानव अधिकारको आन्दोलनको सफलतामा सिमित मौका मात्र हुन्छ ।

यद्यपि, स्थानिय र अन्तराष्ट्रिय मानव अधिकारवादी गैह्र सरकारी संस्थाहरुले हामीलाई भनेका छन् कि स्थानिय तहका मानव अधिकार समुहद्धारा जम्मा गरिएका उलङ्घन र दुर्व्यवहारका जानकारीहरु उनीहरुको प्रभाकारीता कम गर्नलाई र अभियोक्ताहरुको लागि यसलाई गाह्रो वा असम्भव बनाउन, सच्चा आयोगहरु र अन्तराष्ट्रिय मानव अधिकार समुहहरुलाई मानव अधिकार दुर्व्यावहारको उत्तरदायी अपराधीलाई पक्रनलाई जानकारी प्रमाणको रुपमा प्रयोग गर्न नदिन जफत भएका छन्, नष्ट अथवा वेवास्ता गरीएका छन ।

मानव अधिकारवादी समुदायहरुले हामीलाई यो सूचित गराएका छन् कि मानव अधिकार उलङ्घनका जानकारी जम्मा गर्न, संगठन गर्न र सुरक्षित तरिकाले जम्मा गर्न, मानव अधिकार उलङ्घनलाई वृहत ध्यानमा ल्याउन दिनलाई, दोषीहरुको अभियोगलाई सहयोग गर्नलाई र दुर्व्यावहारलाई अगाडी निरुत्साहित गर्नलाई तुरुन्तै एउटा औजारको आवश्यकता छ । यो औजारले निम्न कुरा गर्नै पर्दछ ।

- जानकारीलाई नष्ट, चोरी अथवा विनाशबाट बचाउनु पर्दछ ।
- मानव अधिकारवादी समुहहरुका अभिलेखहरु संरक्षित भएका छन् भनि सुनिश्चित गर्नुपर्दछ, अनुसन्धानकर्ताहरुलाई उलङ्घनहरुको क्षेत्र र मापनको राम्रो अनुमान दिनुपर्छ र दुर्व्यवहारहरुको स्वरुपहरुको मुद्दा बनाउनलाई बढी साक्षीहरुबाट प्राप्त जानकारीमा आधारित हुनपर्दछ ।
- स्थानीय समुहहरुलाई उनिहरुको जानकारी माथि शक्ति प्रदान गर्नुपर्दछ, उनीहरुलाई के सार्वजनिक गर्ने र के सुरक्षित तरिकाले निजि राख्ने भन्ने निर्णय गर्न दिनुपर्दछ ।
- कार्यकर्ताहरु, अभियोक्ताहरु, संचार माध्यमहरु र जनताहरुलाई मानव अधिकार उलङ्घनबाट प्रभावित आवाजहरुमा प्रत्यक्ष पहूँच हुनपर्दछ ।

दि अमेरिकन एशोशियशन फर दि एडभान्समेन्ट अफ साइन्स ले संसारभरि लगभग १०००० मानव अधिकारका गैह्र सरकारी संस्थाहरु छन भनि अन्दाज गरेको छ जसले जानकारी विभिन्न स्वरुपहरुमा जम्मा गर्दछ । अनुसन्धान तथा अन्तवार्ताहरुले देखाउँछ कि गैह्र सरकारी संस्थाहरुले हातले वा टाइप गरिएको नोटहरु देखि कम्प्यूटरराइज स्प्रिटसिट सम्म श्रेणीवद्ध गरिएको अभिलेखहरु राखदछन, परिणाम स्वरुप अस्थिर र आकस्मिक अभिलेख राख्नाले त्यो मानव अधिकारको क्षेत्र भित्र साझा गर्न गाह्रो हुन्छ । यसका अतिरक्त क्षेत्रका अनुसन्धानमा, उपयोगकर्ताहरुले हामीलाई भनेका छन कि उनीहरुले स्थानुय कम्प्यूटरमा अथवा कागजीरुपमा राखेको जानकारीको चोरी नष्ट वा विनाश हुने खतरा छ उदाहरणको लागि श्री लंकाको एउटा मानव अधिकार संगठनको सात वर्षको कागजीरुपमा संकलित उलङ्घनका सूचनाहरु धमिराले खायो ।

**समाधान – मार्टस (Martus) सफ्टवेयर**

यस समस्यालाई समाधान गर्नलाई सिलिकन भ्यालीमा नाफारहित अग्रिजी प्रविधि बेनेटेकले (Benetech) मार्टस (Martus) मानव अधिकार समाचार प्रणाली विकास गरेको छ , एउटा खुल्ला श्रोतको प्रविधि औजारको मानव अधिकार संगठनहरुलाई मानव अधिकार दुर्व्यवहार संकलित गर्न , सुरक्षित गर्न, संगठित गर्न र प्रचारित गर्नलाई सहयोग गर्न ढाँचा तयार गरेको छ । यसले तल्लो तहका गैर सरकारी संस्थालाई उनीहरुको अभिलेखहरुलाई सुरक्षित तरिकाले off-site सर्वरमा सजिलोसँग सफ्टवेयरको प्रयोग गरेर जम्मा गर्न महत्वपुर्ण प्रमाणहरुलाई अनुसन्धान, खोजबिन र अभियोगको लागि संरक्षण गर्न सक्षम बनाउँछ ।

यस सप्टवेयरको ढाचाँ विश्वव्यापी रुपमा मानव अधिकार समुहरु र विशेषज्ञहरुसँग परामर्श लिई विशेष गरेर Dr. Patrick Ball विश्वका प्रमुखहरु मध्येका एक मानव अधिकार तथ्याङ्कशास्त्रीसँग परामर्श लिई तयार गरिएको थियो । मार्टस (Martus) टिमले यो आवश्यकताको लागि अन्तराष्ट्रिय

मानव अधिकार संगठनहरु जस्तै Human Rights Watch, Lawyer's Committee for Human Rights, Open Society Institute, the United Nations and Amnesty International, त्यस्तैगरी एक दर्जन भन्दा बढी देशहरुका तल्लो तहका संगठनहरुसँग छलफल गरेको थियो । यसका अतिरक्त सफ्टवेयर लेख्न शुरु गर्नु अघि बेनेटेक (Benetech) ले श्रीलंका, कम्बोडिया ग्वाटेमाला र रसियाको भुमीमा बजार सर्भेक्षण आयोजना गर्यो । एक दर्जन बन्दा बढी ग्वाटेमाला, रसिया, श्रीलंका र यु एस का समुहहरुले सफ्टवेयरको रिलिज पूर्वको एउटा संस्करण परीक्षण गर्यो , डिजाइन र प्रतियोगिताको मामलामा दिइएका महत्वपूर्ण feedback ले अन्तिम संस्करणको परिवर्तनमा महत्वपूर्ण नेतृत्व गर्यो ।प्रमुख परीक्षणकर्ता र समर्थकहरु श्रीलंकाको मानव अधिकार आयोग सहित the Human Rights Commission of Sri Lanka, the Consortium of Humanitarian Agencies in Sri Lanka, the Centro para Accion Legal en Derechos Humanos in Guatemala [CALDH] र अन्य धैरै हुन् ।

परिणाम स्वरुप मार्टस (Martus) मानव अधिकार समाचार प्रणालीले तल्लो तहका मानव अधिकार समुहहरुको अभिलेखहरु सुरक्षित गर्न सफ्ट्वेयरको लागि उपयोगकर्ताले हामीलाई भनेका चार सम्वेदनशील आवश्यकताहरुलाई सम्बोधन गर्छ:

**उपयोगी.** सफ्टवेयर ईमेल जस्तो प्रयोग गर्न सजिलो छ, सस्तो कम्प्यूटरमा चलाउन सकिन्छ र इन्टरनेटमा नियमित जडानको आवश्यक्ता पर्दैन ।

**सुरक्षित.** अभिलेखहरु एन्क्रिप्ट गरेर, टाढाको साइटमा सुरक्षित तरिकाले भण्डार गरेको हुन्छ, विविध स्थानमा ब्याकअप गर्छ र अद्धितिय पासवर्डले सुरक्षित गरिएको हुन्छ ।

**खोज्न सकिने.** निश्चित उलङ्घन र पहिचान गर्न सकिने विवरणहरु समुहहरुबाट खोज्न सकिने हुन्छ  वा बाहिरी अनुसन्धानकर्ताहरुलाई अभिलेखहरुमा उपलब्ध गराइएको हुन्छ ।

**पारदर्शी.** सफ्टवेयर खुल्ला स्रोत हो – कुनैपनि समुहहरुले कोड परीक्षण गर्न सक्छ र मार्टस (Martus) सफ्टवेयरको प्रयोगको बारेमा सूचित निर्णय गर्न सक्छन् ।

यो प्रविधिको स्विकार र  प्रयोगले  मानव अधिकार दुर्व्यवहारका अभिलेखहरु सुरक्षित गर्न र सजिलोसँग उपलब्ध निश्चित गर्न सहयोग गर्नेछ ।

मार्टसको (Martus) सफ्टवेयरको भविष्यको अनुप्रयोगमा अन्य मामलाहरु निरीक्षण जस्तो महिला विरुद्धको अपराध, मानव ओसारपसार, वातावरणीय विनाश र घृणित अपराधहरु समावेश हुन्छ ।सप्टवेयर र यसको स्रोत कोड www.martus.org मा डाउनलोडको लागि उपलब्ध छ ।